आज म तपाईहरुलाई प्रेम अनि वास्ता फिक्रीको विषयमा केहि कुरा भन्न गईरहेको छु।

प्रेम अनि वास्ता भन्नाले हामी के बुझ्दछौँ त? एउटी आमाले घरमा खाना पस्कीँदा पस्कीँदै खाना सकीएपछी उसलाई भोक लागेको भएतापनि भन्छीन "मलाई आजा भोक नै लागेको छैन" के यसलाई हामी एउटा मात्री प्रेम भन्न सक्छौँ? पक्कै पनि त्यो एउटा प्रेम हो। तपाँईहरुलाई के लाग्छ? तपाईहरुलाई सबैभन्दा धेरै माया वास्ता फिक्री कस्ले गर्नुहुन्छ झैँ लाग्दछ? तपाईंको बुवाले ? की आमाले ? की कस्ले? महसुस् गर्नु भएको छ तपाईंहरुले? तपाँईहरु मध्ये कसैलाई आमाले गर्नुहोला या त कसैलाई बाबाले या त कसैलाई हजुर आमाले या त कसैलाई हजुरबाले। अवश्य पनि कसै न कसैले त पक्कै पनि गर्नुहुन्छ नै। त्यसै सन्दर्भमा म तपाईंहरुलाई एउटा कथा भन्ने अनुमाति चाहान्छु-

" एउटा परिवार थियो जसमा दुई भाई छोरा मात्रै थिए। आमा बुबा अनि ती दुई भाइ छोराहरु गरेर जम्मा चार जनाको सुखि परिवार थियो। एउटा छोराको उमेर ४ बर्षको अनि अर्को छोराको उमेर जम्मा २  बर्षको मात्रै थियो। मजदुरी गरेर नै भए पनि त्यस परिवार खुसी साथ नै जिईरहेका थिए। केहि बर्ष पछी ती दुई भाई ठुला हुँदै गए। स्कुल पढाउन सम्म त मजदुरीले नै थेगीरहेको थियो तर जेठो छोरो अब क्याम्पस पढने भएपछी अब भने त्यस परीवारको मजदुरीबाट खर्च अपुग हुन थालेपछि छोरा हरुको उज्वल भविष्य निर्माण साथै बुढेषकालको साहारा छोराहरुको लागी उच्च स्तरको शीक्षा दिलाउँछू अनि मेरा छोराहरुले अरुको सामु शीर झुकाउनु नपारोस भन्दै बुबा ले बिदेश जाने निधो गरे। केहि समय पश्चात बुबा चाँहि बिदेश गए। आमालाई मन त थिएन आफ्नो श्रीमानलाई आफुबाट टाढा पठाउन त तर के गर्ने बाध्यताले मन थामेर कर लाग्यो। बिदेश गएको केही महिना पछी नै आफ्नो श्रीमान काठको बाकसमा फर्कीएर आएपछी सहन नसकी उनले पनि संसारलाई त्यागीन्।

अब ती दुई दाजु भाईको बीचल्ली भयो। त्यही पनि एक दुई महिना पश्चात ती दाजु भाईले मनको चोटलाई मनमै लुकाउँदै हास्दै जिउन थाले। अब उनी हरुको जिवनले नयाँ रुप लिदैँ गयो। दाई चाँहीले काम गर्दै भाईलाई शीक्षाको खर्च जुटाईदीने अनी भाई राम्ररी पढ्ने। यसरी आफ्नो भाईलाई आफ्नो स्वाश्थ्य आफ्नो केहि कुराको पनि पर्वाह नगरी एकोहोरो भाईलाई राम्रो बनाउने सपनामा लागीरह्यो। केही बर्ष पछि त्यो दाईको सपना साकार भयो। भाईले उच्च शीक्षा हासील गर्यो। क्याम्पसभरि मात्र नभएर सबैभन्दा उच्च अङ्क ल्याएर भाईलाई देश ले नै सम्मान गर्यो अनि भाईलाई देशले नै सम्मान स्वरुप विकसीत मुलुकमा पढ्न लैजाने भयो। दाईले यो कुरा सुन्यो सुनेर धेरै खुसी भयो। केहि समय पछी भाईले आफ्नो दाईलाई भन्यो,

"दाई म जादिँन।"

"काहाँ?"

"पढ्न बाहीर देश।"

दाईले भाईको कुरा सुनीसके पछि दाईले मुस्कुराउदै भाईलाई भन्यो,

"ए मुर्ख, तँ किन चिन्ता गर्छस्? यो तेरो दाजु मरेको छैन नी। तँ जाने तयारी गर म पैसा त मीलाईदीहाल्छु नि !"

भाईलाई पढ्न जानलाई पाँच लाख रुपिँयाको खाँचो थियो। दाईलाई रातभर निद्रा लागेन काहाँबाट पैसा ल्याउने भनेर। तर उसको उदेश्य भाईको शीर उच्च पार्ने थियो।तीन महिना पछि भाईको जाने समय तोकिएको थियो। पाँच दिन पहिले नै  पैसा बुझाउनु पर्ने थियो।

भाईको जाने समय आईपुग्यो। दाईले भाईको जाने समय सम्म पैसाको कारोबार मीलाई दीईसकेको थियो। अनि भाई पढ्न लाई बाहिर गयो। भाई गएको दूख त थियो नै तर उसको सपना पुरा हुदैं थियो त्यसैमा उसले मन बुझाउँदै बस्यो। उनीहरुको सानो झुप्रो थियो गाउँमा त्यसै घरमा बसेर दाजुले जिवन गुजारा गर्दै बस्न थाल्यो।

भाई गएको तीन महिना पछि भाईले दाईलाई फोन गर्यो दाई कस्तो हुनुहुन्छ भन्दै म ठिकै छु भन्दै खुसी मान्दै फोन राख्यो। जसो तसो दाईको जिवन चल्दै नै थियो। दिन भरी काम् गर्ने रात परे पछि एक घुट्की पानी र रोटी खाएर मीठो नीद् मार्दै आफ्नो जिवन गुजार्दै भाईको सम्झना गर्थे ती दाई। एक दिन को कुरो हो दिन भरी काम गरेर आएपछि ती दाई रोटी पकाउन भनी आगो बाले आगो बाल्ने बित्तीकै अचानक ती दाई कमजोरीको कारण बेहोस भएर लडे। आगो धैरै बलेर गयो उ ब्यँझिएन नभन्दै भएको सानो झुप्रो पनि डढेर गयो।

१५ बर्ष पछि आफ्नो भाई घर फर्केर आयो। तर त्यो भाई पहिलेको आफ्नो भाईको विचार भन्दा फरक विचार बनाएर आएको थियो। बिचरा त्यो दाजुलाई के थाहा त्यस्तो कुरा। मेरो भाई भन्दै खुसीले अँगालो हाल्न लाग्दा भाईले भन्यो,

" छी दाई कस्तो फोहोर गन्हाउनु भाको, दाई मेरो यहाँ बेईजत् हुन्छ एसो नगर्नुस अहिले। तपाँइ अलिक पर परै बस्नुस्।"

"ए हो त है! मेरो भाई क्षमा गर मलाई थाहा भएन।मुस्कुराउँदै दाईले भाईलाइ माफी मागे।

अब त्यो दाई आफ्नो भाईको पछि पछि हिँड्न लागे, भाईको साथमा ठुला ठुला पढेलेखेका मानिसहरु थिए। ती मानिसहरुले बिचरा त्यो दाईलाई भिक्षा दिँदै गरेको पनि त्यो भाईले हेरि नै रह्यो। तर पनि आफ्नो भाईको पछि पछि ती दाई पछ्याई नै रहे। भाईले मलाई कहिले भेटला र बिदेशको सबै कुराहरु मलाई बताउला भनी बिचरा त्यो दाई भाईको पछी पछी हिँडीनै रहेका थिए। केहि छिन पछी भाई कारमा चढि गयो। तर आफ्नो दाईलाई केहि पनि भनेन बोलेन पनि। दाजु बिचरा भाईको उच्चपन देखेर हर्षीत हुदैँ आफ्नो आधा डढेको झुपडीमा फर्के। त्यो दीन रातभर आफ्नो भाई अहिले आउँछ भरे पक्कै भन्दै गुन्द्रुक ढिँडो पकाएर भाई आउला र सगैँ खाउँला भनी कुरी बसे तर त्यस्तो दिन कैँयौ बीत्यो आफ्नो भाई फर्कीएर आएन।

केहि बर्ष पछि थाहा पायो त्यो दाईले आफ्नो भाई खोई कुन्नी कुन क्मपनीको ठुलो मान्छे भाको छ भनेर। त्यस पछि दाई ढुक्कले बस्न थाल्यो मेरो भाई ठुलो मान्छे भएको छ यही सोच्दै तर उसलाई मनमा अळिकति पनि अफ्सोच थिएन कि मेरो भाईले मलाइ हेरेन भनेर। त्यो भाईलाई के थाहा आफ्नो दाईले उसलाई बाहीर पढ्न पठाउनको लागी उसले आफ्नो एउटा किड्नी बेचेर पैसा जम्मा गरीदीएको थियो भनेर। विचरा त्यो दाई एउटा किड्नी को भरमा बाँचीरहेको थियो। उसलाई अनेक स्वश्थ्यमा समस्यहरु आईरहे ता पनि उ बाँची नै रहेको थियो। उसले किड्नी बेचेको कुरा अस्पत्तालको डाक्टरलाई मात्र थाहा थियो।

केहि सामय पछी अस्पत्तालमा एकजना मुटु रोगी बिरामी भर्ना भयो। उक्त बिरामी नीकै ठुलो मानिस थियो। त्यो बिरामी अरु कोहि नभएर त्यही अभागी दाईको भाई थियो। जस्को मुटुले काम गर्न छोडेको थियो र उसको बाँच्ने समय पनि एकदमै कम थियो। अस्पत्तालमा त्यो दाई जाँच गर्न आउँदा डाक्टारले उसको भाईको अवश्था बाताईसकेपछि । ति दाईले आफ्नो मुटु पनि भाईलाई दीएर गए।

केहि समय पछि भाईलाई ठिक भयो। भाईले अस्पत्तालको सहयोग मुटु दानी हरुको नाम हेर्यो जस्मा आफ्नो दाईको पनि नाम देख्यो। भाईले आफ्नो दाईलाई थुईक्क मुर्ख दाई आफु मरेर अरुलाई पनि बचाउने हो त कत्तीन दानी भएको भन्दै आफ्नै दाईको कायरपन देखाउँदै दोष्यायो। तर त्यो भाईलाई के थाहा उसको नाम अनि ईज्जतको  लागी आफ्नो दाईले आधा जिवन त्यागेका थिए, अनि आफ्नो भाईको  पुरै जिवन खुसी पार्नलाई उसको जिवन बचाउनलाई आफु नै मरीदिएका थिए।

आज हामी पनि त्यही भाई जस्तै निर्दयी हुदैँछौ। किनभने प्रभु येसुले हामीलाई त्यो दाईले आफ्नो भाईलाई गरेको माया वास्ता अनि आफ्नो भाईको लागी गरेको त्याग जस्तै हाम्रो लागी प्रभु येशु ख्रीष्टले हाम्रो जिवन बचाउनलाई उहाँले आफ्नो जिवन त्याग्नु भएको थियो। के हामिले अब प्रभु येशु ख्रीष्टलाई जसले हामीलाई जिवन दीनु भएको छ उसलाई त्यो भाईले झैँ उल्टै के दोष लगाउने त? के उहाँले हाम्रो लागि क्रुसमा टाँगीएर मरीदीनु भयो केवल हाम्रो आत्मीय जिवनलाई बचाउन , के हामिले येशु ख्रीष्टलाई हाम्रो जिवन दाता भनी स्वीकार नगार्ने त? उहाँले पनि त्यो अभागी दाजुले झैँ हामीलाई जिवन दिनको निम्ती हामीले उहाँलाई वास्ता नगरे पनि सीर्फ हाम्रो निम्ती हामीलाई बचाउनको निम्ती मर्नु भएको थियो। के तपाईलाई बचाउनको लागी कोही कसैले आफ्नो जिवन अर्पण गर्दछ भने के उसलाई तपाईले मेरो जिवन दाता हो भनी स्वीकार गर्नुहुन्न र? आज पनि तपाईँ अनि हामिलाई परमप्रभु परमेशवरले सबैभन्दा धेरै वास्ता प्रेम अनि हाम्रो बारेमा चिन्ता गर्नुहुन्छ जसले हामिलाई बचाउनको लागी आफ्नो जिवन क्रुसमा बलि चढाउनु भएको थियो। "